# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

कमलपोखरी, काठमाडौं

## प्रेस विज्ञप्ती

लोक सेवा आयोगको ७४ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरूको आयोजना गरी सम्पन्न भएको छ। आयोग स्थापना भएको दिन वि.सं. २००८ साल असार १ गतेको सम्झनामा २०८१ साल असार १ गते आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीमा वार्षिकोत्सव मूल समारोहको कार्यक्रम सम्माननीय कार्यवाहक राष्ट्रपति श्री रामसहाय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यता र आयोगका माननीय अध्यक्षको अध्यक्षतामा विभिन्न संवैधानिक निकायका प्रमुखहरू, नेपाल सरकारका मुख्य सचिव, आयोगका पूर्व अध्यक्ष एवम् सदस्यहरू, आयोगका पूर्व सचिवहरू, आयोगका कर्मचारीहरूको उपस्थितिमा सञ्चालन गरिएको थियो। कार्यक्रमको समुद्घाटन सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूले पानसमा दिप प्रज्वलन गरी गर्नु भएको थियो। कार्यक्रममा सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट निर्देशन तथा मार्गदर्शन मन्तव्य व्यक्त गर्ने क्रममा नेपालकै जेठो संवैधानिक निकायका रुपमा रहेको लोक सेवा आयोगको ७४औं वार्षिकोत्सवको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रुपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७३ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मान्दै कार्यसम्पादन गर्न सफल भएकोमा आयोगको प्रशंसा गर्नुभयो। उहाँले आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ता प्रतिको आशा र भरोसाको केन्द्रका रुपमा यसरी नै आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्न सक्नु पर्ने कुरामा जोड दिंदै कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासनिक संगठनभित्र स्थायी खराबीहरु प्रवेश गर्न सक्नेतर्फ सजग रहँदै आयोगले यसलाई निरुत्साहित गर्न योग्यताका सबै तत्वहरु पूर्वानुमेयता हुने गरी आफ्नो परीक्षण विधिहरुमा समयसापेक्ष सुधार गर्न जरुरी रहेको उल्लेख गर्नुभयो। आयोगका माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीले आफ्ना मन्तव्यका क्रममा आयोगले नेपालको संविधान, सेवा, समूह, उपसमूह सञ्चालनसँग सम्बन्धित कानुन, सम्बन्धित सुरक्षा निकाय तथा संगठित संस्थाहरुसँग सम्बद्ध कानुन समेतका आधारमा आफ्नो कार्य सम्पादन गर्दै आएको, कानुनी व्यवस्था बमोजिम विभिन्न समितिमा आयोगको प्रतिनिधित्व रहेको, आयोगबाट सुरक्षा निकाय तथा अन्य सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याए पश्चात आयोगबाट परीक्षा सञ्चालन गरिने पाठ्यक्रमलाई समयसापेक्ष र थप व्यवहारिक बनाउन यो वर्षलाई पाठ्यक्रम निर्माण तथा परिमार्जन वर्षका रुपमा अभियानका साथ लिईएको, प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको र यस्ता सम्मेलनहरुमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सकारात्मक भूमिका निर्वाह गरिएको उल्लेख गर्नुभयो। उहाँले निजामती सेवाका मूल्य, मान्यता र सिद्धान्तको उद्घोष गर्ने सङ्घीय निजामती सेवा ऐन जारी हुन नसक्दा संघ, प्रदेश र स्थानीय तहका कर्मचारी व्यवस्थापनमा कठिनाई परेकाले शीघ्र जारी गर्न नेपाल सरकार लगायत सम्बद्ध निकायमा ध्यानाकर्षण गराउँदै सङ्घीय निजामती सेवा तथा अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने लगायत आयोगले आवश्यक देखेका अन्य विषयमा प्रत्येक वर्ष आयोगले वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारलाई दिएको सुझाव कार्यान्वयन गर्न विशेष जोड दिनु भयो। सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूको आगमनसँगै राष्ट्रिय गानबाट सुरू गरिएको कार्यक्रममा स्वागत मन्तव्य आयोगका सचिव श्री राजकुमार श्रेष्ठले राख्नु भएको थियो।

कार्यक्रममा आयोगको योग्यता प्रणाली प्रवर्धन गर्न सहयोग पुर्‍याउनु भएकोमा आयोगका पूर्व सदस्य प्रा.डा. भिमदेव भट्टलाई दोसल्ला ओढाई प्रमाणपत्रका साथ सम्मान गरिएको थियो। यसैगरी आयोगमा आ.व. २०८०/८१ मा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा आयोगको केन्द्रीय कार्यालयका शाखा अधिकृत श्री भरत थापा र नायब सुब्बा श्री ऋषिराम धिताल र आयोगको जलेश्वर कार्यालयका कार्यालय सहयोगी श्री सुरेश साहलाई दोसल्ला र प्रमाणपत्रका साथ सम्मान गरिएको थियो। आयोगको सूचना प्रविधिको क्षेत्रमा उल्लेख्य कार्य गरी आयोगको गरिमा

अभिवृद्धि गर्न योगदान पुर्याएवापत आयोगको केन्द्रीय कार्यालयका कम्प्युटर अपरेटर श्री शान्तिमाया खतिवडालाई दोसल्ला र प्रमाणपत्रका साथ सम्मान गरिएको थियो। सम्मानित हुने आयोगका पूर्व पदाधिकारी र कर्मचारीहरूलाई सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यूबाट सम्मान र प्रमाणपत्र वितरण गरिएको थियो। कार्यक्रमको अन्त्यमा आयोगका माननीय सदस्य श्री मन्जू कुमारीले कार्यक्रममा उपस्थित हुनुभएकोमा प्रमुख अतिथि सम्माननीय कार्यवाहक राष्ट्रपतिज्यू, आमन्त्रित विशिष्ट पदाधिकारीहरू लगायत वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न सहयोग पुर्याउने सबैलाई धन्यवाद मन्तव्य दिनु भएको थियो।

आयोगको वार्षिकोत्सव मनाउने क्रममा अन्तरसंवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता, आयोगमा कार्यरत कर्मचारीहरुबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिता, रक्तदान कार्यक्रम, रेडियो नेपालमा अन्तर संवाद र परिसंवाद कार्यक्रम, नेपाल टेलिभिजनमा परिसंवाद कार्यक्रम, गोरखापत्रमा विशेषांक प्रकाशन लगायतका कार्यक्रम सञ्चालन गरिएको छ। २०८१ साल जेठ २९ र ३० गते आयोगमा कार्यरत कर्मचारीहरुबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरिएको थियो। प्रतियोगितामा जम्मा ९ वटा समूहको सहभागिता रहेको थियो। प्रतियोगितामा आयोगका उपसचिव (तथ्याङ्क) श्री अर्जुनप्रसाद रेग्मी र प्रहरी कर्मचारी श्री नरबहादुर बोगटीको समूह प्रथम, शाखा अधिकृत श्री योगराज पौडेल र शाखा अधिकृत श्री श्यामकुमार राईको समूह द्वितीय र सिनियर कम्पोजिटर श्री भाष्कर पौडेल र कम्प्युटर अपरेटर श्री लोकेन्द्र थापा मगरको समूह तृतीय भएको थियो। बिजयी समूहहरुलाई आयोगका अध्यक्ष, सदस्य र सचिवबाट मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो। २०८१ साल जेठ ३० र ३१ गते लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीमा सञ्चालन गरिएको अन्तर संवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगितामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय समावेशी आयोग र मधेसी आयोग र राष्ट्रिय दलित आयोगका गरी कूल आठ ओटा समूह सहभागी भएका थिए। २०८१ साल जेठ ३० गते छनोट चरणको प्रतिस्पर्धाबाट ४ समूह अन्तिम प्रतिस्पर्धाको लागि छनोट भई उक्त समूहहरूबीच २०८१ साल जेठ ३१ गते सञ्चालन गरिएको अन्तिम प्रतिस्पर्धामा निर्वाचन आयोगको समूह प्रथम, राष्ट्रिय समावेशी आयोगको समूह दोस्रो, अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समूह तेस्रो भएको थियो। प्रतिस्पर्धामा विजेता निर्वाचन आयोगको समूहलाई आयोगका अध्यक्ष एवम् सदस्य र सचिवबाट ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो भने प्रतिस्पर्धामा दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने समूहलाई मेडल र प्रमाणपत्र वितरण गरिएको थियो। यस कार्यक्रमले संवैधानिक निकायहरूवीचको आपसी सुसम्बन्ध प्रगाढ बनाउने, कर्मचारीहरूले अध्ययनमा निरन्तरता दिई ज्ञानको दायरा बढ्ने विश्वास लिइएको छ। यसै गरी २०८१ साल जेठ ३२ गते विश्व रक्तदान दिवसको अवसरमा आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीको प्राङ्गणमा आयोजना गरिएको रक्तदान कार्यक्रममा आयोगमा कार्यरत र अन्य गरी जम्मा २८ जना बाट रक्तदान गरिएको थियो।

वि.सं. २०८१ साल जेठ ३२ गते प्रसारित नेपाल टेलिभिजनको परिसंवाद कार्यक्रममा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मी, आयोगका पूर्व अध्यक्ष डा. कयोदेवी यमी र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक डा. राजन खनालले आयोगका काम कारबाही र आगामी कार्यदिशाका बारेमा सुसुचित गराउनु भएको थियो। साथै २०८१ साल असार १ गते रेडियो नेपालमा आयोगका गतिविधिसँग केन्द्रित रही परिसंवाद कार्यक्रम प्रसारण गरिएको थियो। यस कार्यक्रममा आयोगका माननीय सदस्य श्री माधव बेल्बासे, वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइराला र राष्ट्रिय समाचार समितिका अध्यक्ष एवम् वरिष्ठ पत्रकार श्री धर्मेन्द्र झा वक्ता हुनुहुन्थ्यो। २०८१ साल असार १ गते विहान रेडियो नेपालमा लोक सेवा आयोगसँग सम्बन्धित विषयमा आयोगका माननीय सदस्य श्री वीरबहादुर राई अन्तरसंवाद कार्यक्रममा सहभागी हुनु भएको थियो। यसैगरी, २०८१ साल असार १ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा लोक सेवा आयोगसँग सम्बन्धित सामग्री प्रकाशन भएको थियो।

गीताकुमारी होमेगाई

सहसचिव/प्रवक्ता

२०८१ साल असार १ गते, शनिवार

कमलपोखरी, काठमाडौं